**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल पौष २५ गते बुधबार बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारका तत्कालीन पूर्व मुख्यमन्त्री जीवनबहादुर शाहीलाई विद्यमान कर्णाली प्रदेश सभाको कार्यकालभर प्रदेश सभा सदस्य रहुन्जेलसम्म निजले प्राप्त गर्ने सुविधामा दोहोरो नपर्ने गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट यातायात सुविधा वापत गाडी-१, हलुका सवारी चालक-१, गाडी मर्मत खर्च वार्षिक बढीमा रु. १,५०,०००/- र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मासिक २०० लिटर इन्धन उपलब्ध गराउने। |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | मिति २०८० साल पौष १३ गते ललितपुर महानगरपालिका वडा नं. ८ बालकुमारीमा भएको घटनामा परी मृत्यू भएका जिल्ला दैलेख महाबु गाउँपालिका वडा नं. ६, वर्ष २३ को सुजन राउतका परिवारलाई राहत स्वरुप दुईलाख रुपैयाँ कर्णाली प्रदेश सरकारको तर्फबाट उपलब्ध गराउने । |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त (पहिलो संशोधन) निर्देशिका, २०८०" स्वीकृत गर्ने। |
| ४. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०८०/०६/२४ गतेको वैठकको निर्णयबाट राहत वितरणको लागि स्वीकृत रु. ६,००,००,०००/- (छ करोड) मध्येवाट भूकम्प प्रभावित जिल्लामा पशुधन र मौरी सहितको मौरीघारको क्षति बापत राहत वितरणको लागि रकम रु. ३९,७४,९००। (उनान्चालिस लाख चौहत्तर हजार नौ सय रुपैया) स्वीकृती प्रदान गर्ने। |
| ५. | सामाजिक विकास मन्त्रालय | "कर्णाली प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८०" स्वीकृत गर्ने। |